श्री

उच्च अदालत विराटनगर

संयुक्त इजलास

माननीय न्यायाधीश श्री राज्यलक्ष्मी बज्राचार्य

माननीय न्यायाधीश श्री सूर्यनाथप्रकाश अधिकारी

इजलास नम्बर- ३

आदेश

मुद्दा नं. : ०७९-WO-००४९

रजिष्ट्रेशन नं. : ०४-०७९-००१८३

दर्ता मिति: २०७९।०४।३१

निर्णय नं.: १४५

सातैन चौधरीको छोरा जिल्ला सप्तरी अग्नीसाईर कृष्णसवरन गाउँपालिका वडा नं. ५ बकधुवा बस्ने बौआलाल चौधरी----------१ — निवेदक

विरुद्ध

कासीनाथ पोखरेलको नाती टिका प्रसाद पोखरेलको छोरा जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं. २ मंगलबारे बस्ने अनिल कुमार पोखरेल----------१

जिल्ला प्रहरी कार्यालय मोरङ विराटनगर----------१

ईलाका प्रहरी कार्यालय रंगेली----------१

जिल्ला सरकारी वकिल कार्यालय मोरङ विराटनगर----------१ — विपक्षी

मुद्दाः परमादेश ।

नेपालको संविधानको धारा १४४ र न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिमयसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ :-

तथ्य खण्ड

1. विपक्षी मध्येका अनिलकुमार पोखरेलले म जाहेरवालासंग भेटी म निवेदकको छोरी दिक्षा चौधरीलाई उच्च शिक्षा **MBBS** डाक्टरी पढाउन मेरो पहुच माथी सम्म पावर छ म तपाईको छोरीलाई **MBBS** डाक्टरी पढाउन नाम निकाल्न होस्टलमा राख समेत बातावरण बनाई दिन्छु भनि आश्वासन दिई तपाईको छोरी डाक्टर बनिहाल्छ तपाई सो वापत मैले भने जति रुपैया दिनुपर्छ तर तपाईले केही गर्नुपर्दैन भनि विश्वासमा पारि बिपक्षीलाई पटक-पटक गरि जम्मा रु.३८,८०,०००। म निवेदकले बिपक्षीलाई दिएको हो सो रकम बिपक्षीले लगीसके पछि तपाईको काम आजभोली भन्दै न रकम फिर्ता गरेको हो न **MBBS** डाक्टरी पढाउन हाल सम्म भर्ना नगराएको यसरी बिपक्षीलाई मैले दिएको रकम तपाईको काम भएन भने फिर्ता हुन्छ भनि मेरो विश्वास गर्नुहोस भनि भनेकोमा म निवेदकले पनि बिपक्षीको बिस्वासमा परि आएकोमा यसरी बिपक्षीले दिएको समय सिमा सम्ममा **MBBS** मा भर्ना नगरी कुनै पनि काम नगरी आलटाल गर्दै आएको अवस्थामा तपाईले लिनुभएको मेरो सम्पूर्ण रुपैया चुक्ता गरी दिनुहोस भनी भन्दा विपक्षीले विभिन्न धाकधम्की समेत दिई म जाहेरवाला समेतले पठाएको रकम तिर्न बुझाउनु नपरोस भनि योजना बनाई मिति २०७९।४।९ गतेका दिन तपाईको हिसाब चुक्ता गरि दिन्छु आउनुहोस भनि मलाई बोलाई ८-१० जनाको समूह मानिस भई मलाई ०७४/३/२५।१ को कपाली लिखतमा ऋणी मलाई बनाई रु.५० लाखको कागजमा विपक्षी धनि भै जोरजुलुम गरी कागज बनाएको हुदा विपक्षीको उक्त कार्यले उल्टै तिर्नु बुझाउनु पर्ने गरि गैर कानुनी तरिकाले कागज बनाई मैले पाउने रकम नदिई खाने पचाउने नियत भएकोले कानुन विपरीत कार्य विपक्षीले गरेकोले विपक्षीलाई खोज तलास तथा पक्राउ गरी गैर कानुनी तरिकाले बनाएको ५० लाखको कागज बदर च्यातल गरि विपक्षीलाई हदै सम्मको सजाय गरि पाउन जाहेरी दर्खास्त म निवेदकले प्रत्यार्थी नं.३ ईलाका प्रहरी कार्यालय रंगेलीमा ठगीको जाहेरी लिएर जादा जाहेरी लिन ईन्कार गरेको यो जिल्ला प्रहरी कार्यालयको काम हो भनि अनविज्ञ जवाफ दिए पछि प्रत्यार्थी नं.२ जिल्ला प्रहरी कार्यालयमा जादा समेत उक्त जाहेरी लिन ईन्कार गरेकोले ई.सं.०३।०८/२०२२ वि.स. मिति २०७९।४।१८ गते हुलाक मार्फत रजिष्ट्री गरि जिल्ला प्रहरी कार्यालय विराटनगरमा असहज परिस्थिति श्रृजना भएकोले बाध्य भई जाहेरी दरखास्त दिएको हो । सो प्रत्यार्थी नं.४ मा उक्त जाहेरी दर्ता भएन प्रत्यार्थी नं.१ देखी ३ सम्मका लाई उपयूक्त दर्ता प्रकृयाको आदेश गरि दिनु होस भनि भन्दा दर्ता गर्न ईन्कार गरि अन्याय भएको हूदा प्रस्तुत रिट लिइ आएको छु । प्रत्यार्थी नं.२ जिल्ला प्रहरी कार्यालय मोरंगमा ठगी गरेको भनि मिति २०७९।४।१८ गते हुलाक

मार्फत जाहेरी दर्खास्त गरेकोमा उक्त जाहेरीको आवश्यक काम कारवाही प्रकृया अगाडी नबढाएको अवस्थामा पटक-पटक विपक्षीको उक्त जाहेरी दर्खास्त बमोजिमको काम कारवाही गरी दिनूहोस भनी अनुरोध गर्दा हालसम्म सो जाहेरी दरखास्तको समेत वेवास्ता गरी आएपछि उक्त उजूरी हुलाक मार्फत रजिष्ट्री गरी मिति २०७९।४।१८ गते प्रत्यार्थी २ मा पठाएको थिए । उक्त उजुरी जाहेरी दर्खास्तको सन्दर्भमा हालसम्म कूनैपनि काम कारवाही नभएको अवस्था हुदा साह्रै अन्यायमा परी विपक्षीहरू उपर नेपालको संविधान २०७२ को धारा १६,१७, १८, २०(९), २१,२४, २५,३८, ४६ र १४४(१) तथा मुलुकी देवानी संहिता २०७४ को दफा ६, ७, ८, ९ १०, ११, १७, १८,२०(ञ), २७ प्रस्तुत निवेदन सरोकार निहित रहेको हुदा मुलुकी फौज्दारी कार्यविधी संहिता २०७४ को दफा ४, ८, ९, १०, १२, २५, २६, २८, बमोजिम समेतको कानूनद्वारा प्रदत्त संवैधानिक हक रहेको हुदा सो आधारमा विपक्षीहरूले म निवेदकको जाहेरी दर्खास्त दर्ता नगरी एक आपसमा देखाई सम्म आलटाल ढिलासुस्ती गरी आएको अवस्था हुदा उक्त जाहेरी दर्खास्त दर्ता, गरी कानुन बमोजिमको प्रकृया अपनाउनु पर्नेमा सो समेत नगरेको, साथै विपक्षी नं.१ लाई मिति २०७९।०४।१८ गते आवश्यक कारवाहीको लागि सक्कलै जाहेरी दर्खास्त पठाएकोमा कानूनी प्रकृयाबाट कुनैपनि कानुनी कारवाही हालसम्म भएको नदेखिएको हूदा सरकारी मुद्दा सम्बन्धी अनुसुची (१), (२) बमोजिम दिएको जाहेरी दर्खास्त विपक्षीले दर्ता गर्नुपर्ने कानुनी कर्तव्य रहेकोले प्रद्धत्त कानूनी हक कुण्ठीत हुनेगरी जाहेरी दर्खास्त दर्ता गराई कानुनी प्रकृया अगाडी नबढाएको, अनुसन्धान तहकीकात नगरी अन्याय गरेकोले मैले विपक्षी श्री जिल्ला प्रहरी कार्यालय मोरंगमा दिएको जाहेरी दर्खास्त दर्ता नगरी विपक्षीहरूले एकले अर्कालाई देखाई हालसम्म आलटाल ढिलासुस्ती गरी आएको हूदा मुलुकी देवानी संहिता २०७४ को दफा २६(५) अनुसार उक्त जाहेरी दर्खास्त दर्ता गरि अनुसन्धान तहकीकात गरी दिनू भनी अविलम्व विपक्षीको नाउमा उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) तथा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५८ बमोजीम अन्तरिम सहितको परमादेशको आदेश समेत जारी गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदक बौआलाल चौधरीको **निवेदन मागदावी।**

2. यसमा के कसो भएको हो **?** निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो **?** माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सोसमेत उल्लेख गरी यो म्याद सूचना प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. २, ३ र ४ को हकमा उच्च सरकारी वकील कार्यालय, विराटनगर

मार्फत र विपक्षी नं. १ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र निवेदनपत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा "म्याद सूचना जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेस गर्नु । यसमा निवेदकले अन्तरिम आदेश जारी गरी पाउँ भनी निवेदन माग गरेकोले सो तर्फ विचार गर्दा, रिट निवेदनको प्रकृति बमोजिम निवेदकले माग गरेको विषय अन्तिम निर्णय हुदाँका बखत निक्यौल हुने हुँदा हाल निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन । नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७९।०५।०१ को आदेश।

3. विपक्षीले जे जुन विषयमा र जे जस्तो प्रकृतिको घटना देखाई ठगी मुद्दाको जाहेरी दर्ता नगरेको भनी परमादेशको निवेदन दर्ता गराउनु भएको छ, सो कुरा नै प्रचलित कानून र मान्य सिद्धान्त अनुरुपको दावी होइन । विपक्षीले तथ्य खण्डमा ८/१० जनाको समूहका मानिस भै २०७९।४।९ गते जोरजुलुम गरी ५० लाखको कागज गराएको भनी जाहेरी दर्ता गर्ने आधारको रुपमा व्यहोरा देखाउनु भएको रहेछ । यदि त्यस प्रकृतिको घटना भएको भए त्यो ठगीजन्य कसूरको नभै मुलुकी देवानी संहिता, २०७४ को लिखतसँग सम्बन्धित कसूरको कानूनी उपचारको बाटो अवलम्बन गर्नुपर्ने हो । जहाँसम्म विपक्षीको छोरीलाई डाक्टर पढाउने भनी आश्वासन दिई म निवेदकले ३८,८०,०००।- दिएको भन्ने कुरा हो सो पनि सरासर कपोकल्पित भनाई हो भन्ने कुरा शंका छैन । म कुनै मेडिकल कलेजको प्रतिनिधि वा मेडिकल भर्ना गराउने व्यक्ति पनि होइन । यति ठूलो रकमको कारोबार हुँदा बिना कागज, आधार कारोबार गर्ने भन्ने प्रश्नै होइन । विपक्षीले देखाएको यी सबै तथ्य कपोकल्पित हुन जहाँसम्म विपक्षी र मेरो कारोबारको कुरा हो, विपक्षी मेरा पहिल्यैदेखिका चिनजानका मानिस हुँदा र लामो कारोबार भएका मानिस हुनुहुन्छ । विपक्षी र मेरो बीच रकम लेनादेना भैरहने गर्दथ्यो। यसै शिलशिलामा विपक्षीले २०७४।३।२५ गते मबाट रु.५०,००,०००।- नगद रुपैयाँ लिनु भएको हो सो रकम बुझाउन मैले ताकेता गर्न थालेपछि उक्त रकम तिर्नु नपरोस् भनी प्रस्तुत निवेदन दर्ता गराएका मात्र हुन्। यसर्थ दूषित मनसाय सहित बिना प्रमाण, आधारहीन कुरामा दिएको जाहेरी, प्रारम्भिक प्रमाणको अभावको आधारमा अनुसन्धानकर्ताले दर्ता नगरेको हुन सक्छ। उक्त कुरासँग मेरो संलग्नता हुने अवस्था रहेन । यस्तो फरेवपूर्ण र तथ्यहिन विषयमा परमादेशको आदेश हुन सक्ने होइन। निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षीमध्येका अनिलकुमार पोखरेलको लिखित जवाफ ।

4. रिट निवेदकको मागदावी जिकीर सम्वन्धमा यस कार्यालयमा रिट निवेदकले पेश गरेको कुनै पनि जाहेरी दरखास्त प्राप्त नभएको र कुनै पनि घटनाको वारेमा वास्तविक व्यहोरा खुलाई रित पुर्वकको जाहेरी दरखास्त कुनै पनि माध्यमबाट प्राप्त हुन साथ सो को कानुन बमोजिम दर्ता गरी यस कार्यालयबाट आवश्यक अनुसन्धान गर्ने गरिएको, कुनै पनि जाहेरी दरखास्त लिन ईन्कार समेत नगरिएको अवस्थामा रिट निवेदकले यस कार्यालय समेतलाई दुखः हैरानी दिने नियतले सम्मानित उच्च अदालतलाई गुमराहमा पारी वरबहना बनाई कपोकल्पित व्यहोराको रिट निवेदन लेखी पेश गरेको हुँदा उक्त रिट निवेदन खारेज गरी पाँउ भन्ने समेत व्यहोराको ईलाका प्रहरी कार्यालय रंगेली मोरङको लिखित जवाफ।

5. विपक्षी रिट निवेदकको उपरोक्त रिट निबेदन जिकिरका सम्बन्धमा विपक्षी निवेदकले हाल सम्म यस कार्यालयमा कुनै उजुरी जाहेरी दिएको अवस्था छैन । यस कार्यालयको कार्यक्षेत्र भित्र भएका मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को अनुसुची १ भित्र पर्ने कसुरहरुको बारेमा यस कार्यालयमा उजुरी जाहेरी पर्न आएमा त्यस्ता जाहेरीहरु दर्ता गरि अनुसन्धान हुदै आएको छ । विपक्षी निवेदकले हाल सम्म कुनै उजुरी जाहेरी दिएको अबस्था छैन । निजले यस प्रकारका उजुरी जाहेरी दिएमा कानून बमोजिम दर्ता गरि अनुसन्धान हुने नै हुदा निज निवेदकले दिएको निवेदन झुठा भएकोले उक्त झुठा निवेदन खारेज गरि पाँउ भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय मोरङको लिखित जवाफ।

6. विपक्षी निवेदकले यस कार्यालयमा कुनै पनि किसिमको जाहेरी दरखास्त लिइ नआएको र हुलाकबाट समेत जाहेरी दरखास्त सहितको उजूरी पठाएको यस कार्यालयको अभिलेखबाट देखिदैन । विपक्षी निवेदकले निवेदनमा उल्लेख गरे अनुसारको जाहेरी दरखास्त प्रहरी कार्यालयले दर्ता नगरिदिएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५ बमोजिम यस कार्यालयमा जाहेरी दरखास्त सहित उजुर गर्नुपर्नेमा सो कार्य नगरी सोझै अदालतमा प्रवेश गरेको देखिन्छ । निवेदन व्यहोरा हेर्दा निवेदक यस कार्यालयमा जाहेरी दरखास्त सहितको उजुरी लिई यस कार्यालयमा प्रवेश गरेको भन्ने नै देखिदैन । प्रहरी कार्यालयले जाहेरी दरखास्त दर्ता नगरी दिएकोले जाहेरी दरखास्त दर्ता गरी अनुसन्धान तहकिकात गरी दिनु भन्ने आदेश माग गरी निवेदकले निवेदन दिएको देखिन्छ । प्रहरी कार्यालयले जाहेरी दरखास्त दर्ता नगरी दिएको अवस्थामा उक्त जाहेरी दरखास्त सहितको उजुरी यस कार्यालयमा दिनुपर्ने कानूनी व्यवस्थाको पालना नगरी प्रभावकारी बैकल्पिक उपचारको अवस्था हुँदाहुँदै

सोको परिपालना नगरी सोझै अदालतमा प्रवेश गरेको देखिएकोले निवेदकको निवेदन जिकीर अनुसार आदेश जारी हुने अवस्था नहुँदा निवेदन खारेज गरी पाउँ जिल्ला सरकारी वकिल कार्यालय मोरङ विराटनगरको लिखित जवाफ।

7. यसमा, निवेदकका कानून व्यवसायी बाट मिति २०८०।१।२५ मा बहसको क्रममा पेश भएको मा बौआलाल चौधरी द्वारा प्रेषित पत्र जिल्ला प्रहरी कार्यालय विराटनगरलाई बुझाएको पत्रको भर्पाई/पोष्टम्यान (बुक) किताव सम्बन्धित हुलाक कार्यालयबाट झिकाई विपक्षी अनिलकुमार पोखरेलले आफ्नो लिखित जबाफको प्रकरण २ मा उल्लेख गरेअनुसारको मिति २०७४।३।२५ मा दिएको रु.५०,००,०००।- को कपाली तमसुक निज विपक्षी अनिल कुमार पोखरेलबाट सक्कलै दाखेल गर्न लगाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतबाट मिति २०८१।०३।३१ मा भएको आदेश।

8. आदेशानुसार द.नं. ३३५ मिति २०८१।०४।२४ निवेदनसाथ अनिल कुमार पोखरेलको वारेश सिमन्स थापाले धनी अनिल कुमार पोखरेल ऋणी बौआलाल चौधरी भएको रु ५०,००,०००।– को कपाली तमुसुक दाखिल गरी मिसिल सामेल रहेको।

आदेश खण्ड

9. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री देवेन्द्र कोइराला र विद्वान् अधिवक्ता श्री दुर्गाप्रसाद पोखरेल तथा विपक्षी अनिलकुमार पोखरेलको तर्फबाट उपस्थित विद्वान् बरिष्ठ अधिवक्ता श्री हेमराज पन्त र विद्वान् बरिष्ठ अधिवक्ता श्री गणेशराज लुइटेल, जिल्ला प्रहरी कार्यालय मोरङ समेतको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय विराटनगरका सहायक न्यायधिवक्ता श्री रमुना राउतले गर्नु भएको भएको बहससमेत सुनियो।

10. विपक्षी मध्येका अनिलकुमार पोखरेलले म जाहेरवालासंग मेरो छोरी दिक्षा चौधरीलाई उच्च शिक्षा **MBBS** डाक्टरी पढाउन नाम निकाल्न भर्ना गरी होस्टलमा राख्न समेत बातावरण बनाई दिन्छु भनी विश्वासमा पारेकोले नीज बिपक्षीलाई पटक-पटक गरि जम्मा रु.३८,८०,०००।दिएकोमा बिपक्षीले सो रकम लगीसके पछि **MBBS** छोरीको नाम निकाल्न र भर्ना नगराएको हुदा बिपक्षीसंग मैले दिएको रकम फिर्ता माग्दा फिर्ता नगरी आलटाल गर्दै आएको अवस्थामा मेरो सम्पूर्ण रुपैया चुक्ता गरी दिनुहोस भनी भन्दा विपक्षीले विभिन्न धाकधम्की समेत दिई म जाहेरवालालाई मिति ०७४/३/२५।१ को कपाली लिखतमा ऋणी बनाई रु.५० लाखको कागजमा विपक्षी धनि भै जोरजुलुम गरी कागज बनाएको हुदा विपक्षीले कानून विपरीत कार्य गरेकोले

विपक्षीलाई खोज तलास तथा पक्राउ गरी पाउन जाहेरी दर्खास्त म निवेदकले प्रत्यार्थी नं.३ ईलाका प्रहरी कार्यालय रंगेलीमा ठगीको जाहेरी लिएर जादा जाहेरी लिन ईन्कार गरेकोले विपक्षी नं.२ जिल्ला प्रहरी कार्यालयमा जादा समेत उक्त जाहेरी लिन ईन्कार गरेकोले ई.सं.०३।०८/२०२२ वि.स. मिति २०७९।४।१८ गते हुलाक मार्फत रजिष्ट्री गरि जिल्ला प्रहरी कार्यालय विराटनगरमा नाममा जाहेरी दरखास्त पठाएकोमा हालसम्म दर्ता नगरेको हूदा मुलुकी देवानी संहिता २०७४ को दफा २६(५) अनुसार उक्त जाहेरी दर्खास्त दर्ता गरि अनुसन्धान तहकिकात गरी दिनू भनी अविलम्व विपक्षीको नाउमा अन्तरिम सहितको परमादेशको आदेश जारी गरीपाउँ भन्ने निवेदन दावीबाट देखिएकोमा जोरजुलुम गरी ५० लाखको कागज गराएको भनी जाहेरी दर्ता गर्ने आधारको रुपमा व्यहोरा देखाउनु भएको रहेछ । यदि त्यस प्रकृतिको घटना भएको भए त्यो ठगीजन्य कसूरको नभै मुलुकी देवानी संहिता, २०७४ को लिखतसँग सम्बन्धि कसूरको कानूनी उपचारको बाटो अवलम्बन गर्नुपर्ने हो। निवेदकले ३८,८०,०००।- दिएको भन्ने कुरा कपोकल्पित हो। विपक्षी मेरा पहिल्यैदेखि चिनजानका लामो कारोबार भएका मानिस हुनुहुन्छ। मबाट लिएको रु.५०,००,०००।- तिर्न नपरोस् भनी प्रस्तुत निवेदन दर्ता गराएका मात्र हुन् भन्ने विपक्षी अनिल कुमार पोखरेलको लिखित जवाफबाट देखिन्छ भने रिट निवेदकले हाल सम्म कुनै उजुरी जाहेरी दिएको अबस्था छैन । निजले उजुरी जाहेरी दिएमा कानून बमोजिम दर्ता गरि अनुसन्धान हुने नै हुदा रिट निवेदन खारेज गरीपाउँ भन्ने जिल्ला प्रहरी कार्यालय मोरङ र ईलाका प्रहरी कार्यालय रंगेलीको लिखित जवाफबाट देखिन्छ ।

11. विपक्षी निवेदकले यस कार्यालयमा कुनै पनि किसिमको जाहेरी दरखास्त लिइ नआएको र हुलाकबाट समेत जाहेरी दरखास्त सहितको उजूरी पठाएको यस कार्यालयको अभिलेखबाट देखिदैन । विपक्षी निवेदकले निवेदनमा उल्लेख गरे अनुसारको जाहेरी दरखास्त प्रहरी कार्यालयले दर्ता नगरिदिएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५ बमोजिम यस कार्यालयमा जाहेरी दरखास्त सहित उजूर गर्नुपर्नेमा सो कार्य नगरी सोझै अदालतमा प्रवेश गरेको देखिन्छ । प्रहरी कार्यालयले जाहेरी दरखास्त दर्ता नगरी दिएकोले जाहेरी दरखास्त दर्ता गरी अनुसन्धान तहकिकात गरी दिनु भन्ने आदेश माग गरी निवेदकले निवेदन दिएको देखिन्छ । प्रहरी कार्यालयले जाहेरी दरखास्त दर्ता नगरी दिएको अवस्थामा उक्त जाहेरी दरखास्त सहितको उजूरी यस कार्यालयमा दिनुपर्ने कानूनी व्यवस्थाको पालना नगरी प्रभावकारी बैकल्पिक

उपचारको अवस्था हुँदाहुँदै सोको परिपालना नगरी सोझै अदालतमा प्रवेश गरेको देखिएकोले निवेदकको निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला सरकारी वकिल कार्यालयको लिखित जवाफबाट देखिन्छ।

12. उपरोक्त अनुसारको निवेदन एवं लिखित जवाफ भएको प्रस्तुत रिट निवेदनमा निवेदकको माग बमोजिम परमादेशको आदेश जारी हुनु पर्ने हो ? वा होइन? भन्ने सम्बन्धमा निर्णय दिन पर्ने देखिन आयो।

13. निर्णयतर्फ विचार गर्दा यसमा विपक्षी मध्येका अनिलकुमार पोखरेलले जाहेरवालाको छोरी दिक्षा चौधरीलाई उच्च शिक्षा **MBBS** डाक्टरी पढाउन नाम निकाल्न भर्ना गरी होस्टलमा राख्न समेत बातावरण बनाई दिन्छु भनी पटक-पटक गरि जम्मा रु.३८,८०,०००।- लिई सो रकम लगीसके पछि **MBBS** मा छोरीको नाम निकाल्न र भर्ना नगराएको हुदा बिपक्षीलाई ठगीको कसुर अन्तर्गत हुलाक मार्फत दिएको जाहेरी दर्ता नभएकोले जाहेरी दरखास्त दर्ता गर्ने आदेश गरी पाउँ भनी प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ। जाहेरवालाको छोरीको नाम **MBBS** डाक्टर पढ्नको लागि नाम निकाली भर्ना गर्न भनी विभिन्न मितिमा रकम लिई भने बमोजिमको कार्य नगरी ठगी गरी अपराधिक लाभ लिएको भन्ने वारदातलाई लिएर यी निवेदकले हुलाक मार्फत मिति २०७९।०४।१८ मा पठाएको जाहेरी दरखास्त विपक्षी मध्येका जिल्ला सरकारी वकिल कार्यालय मोरङ, जिल्ला प्रहरी कार्यालय मोरङ र ईलाका प्रहरी कार्यालय रंगेलीमा प्राप्त नभएको भन्ने जिल्ला सरकारी वकिल कार्यालय मोरङ, जिल्ला प्रहरी कार्यालय मोरङ र ईलाका प्रहरी कार्यालय रंगेलीको लिखित जवाफबाट देखिन्छ। यी निवेदकले मिति २०७९।०४।१८ मा ठगी गरी अपराधिक लाभ लिएको विषयको जाहेरी दरखास्त हुलाक मार्फत जिल्ला प्रहरी कार्यालय मोरङलाई पठाएको रजिष्ट्री नं. RD790470582NP को पत्र जिल्ला प्रहरी कार्यालय मोरङले मिति २०७९।०४।१९ मा बुझेको भन्ने हुलाक निर्देशनालय विराटनगरबाट प्राप्त पोष्ट म्यान बुकबाट देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४ मा कसूरको जाहेरी दरखास्त वा सूचना दिनुपर्ने कानूनी व्यवस्था रहेको छ । अनुसूची १ मा उल्लिखित सरकारवादी हुने मुद्दासँग सम्बन्धित कसूरको जानकारी हुने व्यक्तिले सबूद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतिय माध्यमको सूचना अनुसूची ५ बमोजिमको ढाँचामा यथाशिघ्र नजिकैको प्रहरी कार्यालयमा दिनुपर्ने त्यस्तो जाहेरी वा सूचना व्यक्ति आफैले सम्बन्धित प्रहरी कार्यालयमा आफै उपस्थित भई दिएमा वा हुलाक वा कुनै व्यक्ति मार्फत पठाएमा वा विद्युतिय माध्यमबाट सूचना दिएमा

त्यस्तो प्रहरी कार्यालयले खनाखत गराउन सक्ने त्यस्तो कसूर भएको सूचना वा जानकारी प्रहरीले अन्य कुनै स्रोतबाट वा आफैले प्राप्त गरेमा सो सम्बन्धमा अनुसूची ७ बमोजिमको ढाँचाको दर्ता किताबबाट दर्ता गरी राख्नु पर्ने भन्ने उल्लेख भएको पाइन्छ। दफा ५ मा सो जाहेरी वा सूचना दर्ता नगरेमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा त्यस्तो दरखास्त वा सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्ने त्यस्तो उजुर प्राप्त भएमा सम्बन्धित सरकारी वकील कार्यालय वा प्रहरी कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारवाहीको लागी सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्ने र त्यसरी प्राप्त हुन आएको जाहेरी वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दर्ता गरी कारवाही गर्नु पर्ने भन्ने उल्लेख भएको पाइन्छ। उक्त संहिताको दफा ११ मा भ्रमपूर्ण, झुठ्ठा वा काल्पनिक सूचनालाई तामेलीमा राख्न सकिने व्यवस्था समेत रहेको पाइन्छ।

14. जाहेरीदरखास्त जिल्ला प्रहरी कार्यालयमा प्राप्त भएको देखिदा आफ्नो कार्यालयमा प्राप्त भएको कागजात चिठ्ठी पत्र प्राप्त नभएको भन्ने जिल्ला प्रहरी कार्यलय मोरङको लिखित जवाफ उचित मान्न सकिने देखिएन। हाम्रो फौजदारी न्याय प्रकृयात्मक पद्दति र स्वच्छ सुनुवाईको सिद्धान्तमा आधारित छ । फौजदारी न्याय सम्बद्ध अधिकारीहरुले यी पद्दतिले अंगिकार गरेका मुलभुत मान्यतालाई अनुसरण गरी आ-आफ्नो क्षेत्रमा कार्य सम्पादन गर्नु पर्ने हुन्छ । कुनै कसूरको सूचना प्राप्त भएपछि त्यसको छानविन र जाँचबुझको प्रकृया कानूनद्वारा नै निर्धारित छ। सूचनामा उल्लिखित शंकित व्यक्तिहरुलाई सबै अवस्थामा पक्राउ गरी छानविन र अनुसन्धान हुनुपर्ने भन्ने पनि छैन । गैर हिरासतीय उपाय प्रयोग गरी कुनै कसूरको सूचना वा जाहेरीमा उल्लिखित व्यक्तिहरुलाई बुझी सूचना दाताले दावी गरेको विषयमा सत्यासत्य गर्नु गराउनु आवश्यक हुन्छ । आफुसँग प्राप्त सूचनाको उपर कानूनले तोकेको प्रकृया नै पुरा नगरी बस्न मिल्ने देखिदैन। कानूनमा विभिन्न विकल्प सहित कार्य सम्पादन गर्नु पर्ने बाध्यात्मक व्यवस्था रहेकोमा ती व्यवस्थाको प्रतिकूल वा अनादर हुने गरी इन्कार गर्ने छुट विपक्षी प्रहरी कार्यालयलाई हुन सक्दैन । सरकारवादी हुने फौजदारी मुद्दामा जाहेरी दरखास्त प्राप्त भएपछि जाहेरवाला निवेदकलाइ झिकाउने, सनाखत गराउने र जाहेरी दरखास्तको सत्य तथ्यको बारेमा अनुसन्धान गर्ने र अनुसन्धानमा संकलित प्रमाणहरुका आधारमा विपक्षीहरु उपर मुद्दा चलाउने नचलाउने सम्वन्धमा आवश्यक निर्णय गर्नु वा हुनु पर्ने हुन्छ। निवेदकको जाहेरी दरखास्त प्राप्त भएपछि जाहेरी

दरखास्त सनाखत गराउने, दर्ता गर्ने, वारदात घटनाको सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने दायित्व मुलुकी फौज्दारी संहिता तथा मुलुकी फौजदारी कार्यविधी संहिताको दफा ४ ले विपक्षी प्रहरी कार्यालयलाई तोकेको देखिन्छ। निवेदकको जाहेरी दरखास्त प्राप्त नभएको भनी दर्ता हुन नपर्ने र अनुसन्धान हुन नपर्ने भन्ने कुनै आधार र कारण विपक्षीको लिखित जवाफबाट देखिदैन। कानूनी कर्तव्य बहन नगरेको वा गर्न इन्कार गरेको वा बिलम्व गरेको अवस्थामा सम्वद्ध सार्वजनिक पदाधिकारी वा कार्यालयका विरुद्धमा सो कार्य सम्पादन गर्न गराउन वा कानूनी कर्तव्य बहन गराउन परमादेशको उपचार आवश्यक हुन्छ । निवेदकले विपक्षीबाट कानूनमा उल्लिखित कर्तव्य वहन नगरेको कारणले सो कर्तव्य बहन गराउन आवश्यक र उपयुक्त उपचार माग गरेमा र निजको माग जायज र कानून सम्मत नै देखिदा निवेदकले दिएको जाहेरी दरखास्तको आवश्यक कारवाही र कानून सम्मत निकासको लागि विपक्षीमध्येका जिल्ला प्रहरी कार्यालय मोरङ नाउँमा परमादेशको आदेश जारी गर्नु पर्ने देखिन आयो।

15. अतः निवेदक बौआलाल चौधरीले हुलाक मार्फत पठाएको जाहेरी दरखास्त मिति २०७९।४।१९ गते जिल्ला प्रहरी कार्यालय, मोरङ विराटनगरले बुझिलिएको भन्ने पोष्टमेन (बुक) किताबको सक्कल किताबबाट देखिन आएकोले कानूनको प्रकृया पुऱ्याई जाहेरी दर्ता गरी कानून बमोजिम प्रकृया अगाडी बढाउनु भनी विपक्षी जिल्ला प्रहरी कार्यालय, मोरङ विराटनगरका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । अरुमा तपसील बमोजिम गर्नू।

तपसील खण्ड

माथि आदेश खण्डमा उल्लेख भए बमोजिम विपक्षी मध्येका जिल्ला प्रहरी कार्यालय मोरङका नाउँमा परमादेशको आदेश जारी हुने ठहरेकाले आदेश बमोजिमको कार्य गर्नु भनी आदेशको प्रमाणित प्रतिलिपी सहितको जानकारी विपक्षी मध्येका जिल्ला प्रहरी कार्यालय मोरङलाई दिनु----------१

द.नं. ३३५ मिति २०८१।०४।२४ निवेदन साथ अनिल कुमार पोखरेलको वारेश सिमन्स थापाले दाखिल गरेको मिसिल सामेल रहेको सक्कल कपाली तमसुकको लिखत धनी अनिल कुमार पोखरेललाई फिर्ता दिनु----------२

सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तूर लिई नक्कल दिनू-----३

प्रस्तुत आदेशको विद्युतीयप्रति विद्युतीय प्रणालीमा अपलोड गरी त्यसको निस्सा मिसिल

सामेल राखी प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी आदेश प्रमाणीकरण भएको विवरण यस अदालतको बेभसाइटमा राख्नू----------
-----४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू-------
५

(सूर्यनाथप्रकाश अधिकारी)
न्यायाधीश

उक्त आदेशमा म सहमत छु।

(राज्यलक्ष्मी बज्राचार्य)
न्यायाधीश

इजलास अधिकृतः-जय प्रसाद काफ्ले
कम्प्युटरः-रंजित खड्का
इति संवत् २०८१ साल भदौ महिना ३१ गते रोज २ शुभम् ----------।
नेपाल संवत् ११४४ जलाथ्व, १३ सोमबार।
प्रमाणीकरण मितिः- २०८१।०९।११

उच्च अदालत विराटनगर